अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिरानचोक गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of th[illegible]r General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
सिरानचोक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १४४ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
सिरानचोक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.१ करोड ६८ लाख ५१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २५ लाख ५६ हजार नियमित गर्नुपर्ने रु.२० लाख ६८ हजार रहेको छ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२५मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

परिचयः स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थापना भएको हो । यो सिरानचोक गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, १२१.५९ व.कि.मी. क्षेत्रफल, ३१४०८ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

प्राप्ती भुक्तानी हिसाब				
विवरण	यस वर्ष रु.			
	बजेट	आफैले गरेको प्राप्तिभुक्तानी/	वस्तुगतसोझै/ भुक्तानी	जम्मा
प्राप्ति (क+ख)	५०७२७८५९५	४६६०३७२४९.०१		४६६०३७२४९.०१
क(संचित कोषमा आम्दानि बाँधिने) प्राप्ती	५०१७५०८२८	४६०३१६४९३.३०		४६०३१६४९३.३०
११००० कर	७७७४१०००	५५४२०८६४.६७		५५४२०८६४.६७
१३००० अनुदान	३९७६३३०००	४०२८३६९७७.५०		४०२८३६९७७.५०
संघीय सरकार	३८५४४४०००	३८८१४७९७७.५०		३८८१४७९७७.५०
प्रदेश सरकार	१२१८९०००	१७६८९०००		१४६८९०००
आन्तरिक श्रोत	०	०	०	०
१४००० अन्य राजस्व	२६३७६८२८	२०५८६५१.१३		२०५८६५१.१३
ख.अन्य प्राप्ती	५५२७७६७	५७२०७५५.७१		५७२०७५५.७१
वितरण गर्न बाकी राजस्व	०	०	०	०
कोषहरू	३४७७७६७	३४७७७६७	०	३४७७७६७
धरौटी	०	४१२२१०	०	४१२२१०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	२०५००००	१८३०७७८.७१	०	१८३०७७८.७१
भुक्तानी (घ+ग)	६१५५९६५९५	३२८३०४१४४.८९		३२८३०४१४४.८९
ग. भुक्तानी (सञ्चित कोषबाट)	**६१००६८८२८**	**३२३२०४१११.१८**		**३२३२०४१११.१८**
२१००० पारिश्रमिक सुविधा /	२३१४८००००	१८६९३८७१२.५२	०	१८६९३८७१२.५२
२२००० मालसामान तथा सेवाको उपयोग	१४३००७४३५	६८४५७६४१.७०	०	६८४५७६४१.७०
२५००० सहायता)Subsidy)				
२६००० अनुदान				
२७००० सामाजिक सुरक्षा	२१४५०००	११४२५८७	०	११४२५८७
२८००० अन्य खर्च	२८०००००	१९७२९३०	०	१९७२९३०
३१००० गैर वित्तीय सम्पत्ति/पुँजीगत खर्च	२३०६६८३९३	६४६९२२३९.९६	०	६४६९२२३९.९६
घ अन्य भुक्तानी	**५५२७७६७**	**५१०००३३.७१**	**०**	**५१०००३३.७१**
कोषहरू	३४७७७६७	२४५९४५८	०	२४५९४५८
धरौटी	०	८३९४४२	०	८३९४४२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	२०५००००	१८३०७७८.७१	०	१८३०७७८.७१
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाँकी		(२९६४५)	०	(२९६४५)
ङ. यो वर्षको बचत (न्युन)	(१०८३१८०००)	१३७७३३१०४.१२	०	१३७७३३१०४.१२
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		**११८१३९३६२.८३**	०	**११८१३९३६२.८३**
वर्षान्तको बाकी रकम (च + ङ)	(१०८३१८०००)	**२५५८७२४६६.९५**	०	**२५५८७२४६६.९५**
बैंक तथा नगद बाकी		**२५२४११९७४.१६**	०	**२५२४११९७४.१६**
बैंक तथा नगद बाँकी सुत्र अनुसार				

विनियोजन तर्फः

क.सं.	बजेट उपशीर्षक	वार्षिक बजेट	निकासा	खर्च
१.	३५०००० ११/सामाजिक विकास मन्त्रालय	८०००००	६४२९६९	६४२९६९
२.	३३६००१०२३/गरिबसँग विश्वेश्वर कार्यक्रम	२५००००	२४५०००	२४५०००
३.	३६५००१०४३ स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम	११४६००००	८३६२४४०.१५	८३६२४४०.१५
४.	३४०००१०५३ राष्ट्रपति महिला उत्थान कार्यक्रम	१००००	०	०
५.	३१४०१०१२३ सामाजिक सुरक्षा तथा संरक्षण	११४८२३०००	११४६०९९००	११४६०९९००
६.	३१४०१०११४ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१८४०००	१८३५१५	१८३५१५
७.	३१४०१०११३ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१०२३०००	४५६७७५	४५६७७५
८.	३०१०००११३ मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालय	५०००००	०	०
९.	३५००१०११ शिक्षा विकास निर्देशनालय	१२५००००	११८११७७.७१	११८११७७.७१
	जम्मा	१३०३०००००	१२५६८१७७६.८६	१२५६८१७७६.८६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	असुलीः लेखापरीक्षणको क्रममा जम्मा रु.७४९४५ असुल भई खातामा दाखिला भएको छ ।	
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन । • स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ । • एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या, २०७४ अनुसार चालू र पुँजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शिर्षक र पुँजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । • पालिकाको म.ले.प.फा.नं २७२ प्राप्ती भुक्तानी हिसावमा अन्य भुक्तानी अन्तर्गत कट्टी रकम भुक्तानी दाखिला गर्न बाँकी मा रु.२९६४५.० नेगेटीभ देखिएकोले सो हिसाव मिलान गर्नु पर्दछ । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गत वर्षको धरौटी रु.११०२००.० यस आ.ब धरौटी खातामा अ.ल्या नगरी संचीतकोषमा जोडी अ.ल्या गरेको पाइयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएको	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पाइएन । साथै वडाबाट संकलन गर्ने राजश्व एक शिर्षकमा जम्मा गर्नु पर्ने राजश्व अर्कै शिर्षकमा समेत संकलन गरेको पाइयो । • गाउँपालकाले गाउँसभाबाट स्विकृत दरमा राजश्व संकलनको नमुना परीक्षण गर्दा त्यसलाई व्यवस्थीत बनाइ नगद सोही दिन वा नियमको व्यवस्था बमोजिम बैक दाखिला गर्नु पर्नेमा ढीला गरी बैकमा दाखिला गरेको पाइयो । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले साथै विषय गत शाखाहरुले समेत शाखा बाटनै खरीद गरी साखामानै दाखिला गरी राख्ने पाइयो ।गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । जिन्सी सामान खरीद एकद्धारा प्रणालि मार्फत गरी मुल जिन्सी खातामा दाखिला गरि वडा तथा विषयगत शाखामा हस्तान्तरण गरी लैजानु पर्नेमा सो गरेको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन । • स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने र सोही ऐनको अधिनमा रहि सार्वजनिक खरिद नियमावली बनाई लागु गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाबाट नियमावली बनाई लागु गरेको देखिएन । • इन्धनको प्रयोग गर्दा वा भुक्तानी दिदा खरिद आदेश वा टोकन को प्रयोग हुनुपर्नेमासो नभएको र सवारी साधन प्रयोगको लगबुक भरी भुक्तानी भएको छ तर कति कि.मि. प्रयोग मा इन्न तथा मर्मत खर्च सम्बन्धमा कुनै मापदण्ड बनाई सोहि अनुसार भुक्तानी हुनुपर्ने । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धीमा मापदण्ड तोक्नु पर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीयतहले जग्गाको उपयोग सम्बन्धीमा मापदण्ड बनाई लागू गरेको देखिएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • सार्वजनिक खरिद नियमावली को नियमा १९ मा रु. विस हजार भन्दा माथिको खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त सँग खरिद गर्नुपर्ने व्यवस्था रहेको छ, न्यू दौतरी समुहले रु.३७००० बराबरको बिल सो अनुसारको नियमसम्मत नदेखिएकोले आन्तरिक नियन्त्रणलाई चुस्त बनाउनुपर्दछ । • उपभोक्ता समिति मार्फत गराईएको निर्माण कार्यको प्राविधिक द्धारा तयार गरिएको रनिङ विल, फाइनल विल र कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिले सहि छाप गर्नुपर्ने व्यवस्था रहेकोमा सो नगरिएकोले प्रत्येक विलमा उपभोक्ता समितिले सहि छाप गर्नुपर्ने। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन । • निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले आंशिक तलवी प्रतिवेदन पारित गरेको पाइयो वर्षभरीमा पालिकाबाट तलवमा पालिका भित्रका कर्मचारीहरुलाई रु.७० लाख ६८ हजार खर्च लेखेको पाइयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, २ नियमावली, २२ कार्यविधि, ८ निर्देशिका र ६ नर्म्स गरी ४८ कार्यान्यनमा ल्याएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रकमान्तर गर्ने अधिकार कार्यपालिकालाई भएकोमा वडाले आफ्नो वजेट भित्रको कार्यक्रमको रकमान्तर गरी आफै खर्च गरि एकमुष्ट रुपमा कार्यपालिकावाट अनुमोदन भएको छ । वडावाट हुने रकमान्तर तथा कार्यक्रम संसोधनलाई नियन्त्रण गर्नुपर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माणकार्य सम्पन्न गरिसके पछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, • सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क)मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • आर्थिक कार्य बिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नु पर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • मर्मत कोषको कार्यविधि बनाएर विभिन्न मर्मत कार्य गर्नुपर्नेमा त्यसो नगरेको पाइयो । साथै म.ले.प. फाराम नं. ४१५ बमोजिमको मर्मत संभार तथा सरक्षण अभिलेख खाताको लागि आवश्यक गृहकार्य गर्नुपर्ने देखिएको । • कर्मचारी संचयकोष, नागरिक लगानी कोष, पारिश्रमिक कर सावधिक जीवन बिमा आदि कट्टी गर्नुपर्ने रकम कट्टी गरी सम्बन्धित कोष वा खातामा बिलम्ब गरी जम्मा गरको पाइयो । • यस कार्यालयले म.ले.प. फाराम नं बमोजिम आइटमवाईज कार्य अभिलेख खाता तयार गर्नुपर्नेमा त्यसो नगरेको पाइयो । त्यसैगरी ठेकेदारको व्यक्तिगत खाता मले.प. फाराम नं ५०६ तयार गर्नुपर्ने देखियो । • कार्यालयले प्रत्येक ठेकेदारको अलग अलग व्यक्तिगत धरौटी खाता म.ले.प. ६०१ बमोजिम तयार गर्नुपर्ने र उक्त खातामा ठेकेदारको तीनपुस्ते वतनको विवरण धरौटी खातामा राख्नुपर्ने र उक्त धरौटी खाता अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको हुनुपर्दछ • कार्यालयले प्रत्येक ठेक्का वा अन्य निर्माण कार्यका लागि र सो बमोजिमको नापी किताब नियन्त्रण अभिलेख खाता तयार गरी राख्नु पर्नेमा यस कार्यालयले नापी किताब नियन्त्रण खाता म.ले.प. फारामम नं ५१२ बमोजिम राखेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**बैक हिसाब मिलान नगरेको**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि रु.१२१९७६१५।१२ चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दातसँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।	

खाताको नाम	श्रेष्ता अनुसार	वैंक स्टेट्मेन्ट अनुसार	फरक
ग.४.१ सञ्चित कोष खाता	१९६३८५४९३.३०	१९६१९२०४२.३०	१९३४५१.०
ग.२.१ चालू खर्च खाता	१३२६६१२२.२८	१३४५९३२८.०	१९३२०५.७२
ग.२.३ पूँजीगत खर्च खाता	२१९३६११७.८७	१८९०६८१७.८७	३०२९४००
ग.३.१ धरौटी खाता	९३६३३५.०	१०८४४७३	१४८१३८
ग.७.२ स्थानीय प्रकोप व्यवस्थान	१०१८३०९.०	१०२६५७०.०	८२६१.०
जम्मा	२३३५४२३७७.४५	२३०६६९२३१.१७	३५७२४५५.७२

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	धरौटी खाताको बैक र स्रेस्तामा रु.१४८१३८.० फरक साट्नबाँकी चेक श्रावणमा साटेको पाइयो ।	
४.	**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागिता मूलक, उत्पादन मूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छनः	

क.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	०	०
२	रु १ लाख देखि ५ लाख सम्मका योजना	२४	६४१८०००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	४	२६६९१९६.०
४	रु १० लाख देखि ५० लाख सम्मा योजना	१	११०००००.०
५	५० लाख भन्दा माथिका योजनाहरु	०	०
	जम्मा	२९	१०१८७१९६

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
५.	**सेवाप्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता ११२२ वटा, नाताप्रमाणित ५४२ वटा, घर वाटो शिफारिश ३७० वटा, नागरीकता शिफारिश ८०७ वटा र अन्य ६४९० वटा दर्ता तथा सिफारीस गरी सेवाप्रवाह गरेको देखियो।पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा छुट्टै अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन ।ऐन बमोजिम कानून वनाई सो को अभिलेख व्यवस्थित गर्नु पर्दछ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६.	**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले हाल सम्म पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको घर नक्सालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पहल समेत गरेको पाइएन साथै सुरु समेत गरेको पाइएन । अतः ऐनको पालना तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।	
७.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४८ र यो बर्ष थप भएको ८ गरी कुल ५६ विवाद दर्ता भएकोमा ५४ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
८.	**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरे पछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ।नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षक वाट रु.११ लाख ४३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नु पर्ने देखिन्छ।	
९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

वजेट उपशिर्षाक	कुल खर्च	चौमासीक खर्च			
		प्रथम चौमासीक	द्रोस्रो चौमासिक	तेस्रो चौमासीक	आषाढ महिना
सिरानचोक गा पा	४३६१५९६९।९६	६३०१३६४।९६	८५६५२११	२८७४९३९४	२३२०१०७४
सिरानचोक गा पा स स्वास्थय	२२४३७०८	०।००	०।००	२२४३७०८	२२४३७०८
सिरानचोक गा पा कृषि	०।००	०।००	०।००	०।००	०।००
सशर्त	१८८३२५६२	०।००	०।००	१८८३२५६२	१७५४३६६८
जम्मा	६४६९२२३९.९६	६३०१३६४।९६	८५६५२११	४९८२५६६४	४२९८८४५०
खर्च प्रतिशत		९.७	१३.२३	७७.०७	६६.४५

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१०.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४०६८१४३५	६६१४५७४	२.०४
सामाजिक क्षेत्र	३०२०६५५५५	२३४५९८५००	७२.५८
पूर्वाधार विकास क्षेत्र	१३९३९२३८३	३५५४१३२९.९६	१०.९९
वातावरण तथा विपद् व्यवस्थापन	०	०	०
वित्तीय व्यवस्थापन र सु शासन	२७६५००१०	७०९३५८२	२.१९
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१००२७७४४५	३९३५६०४४.७	१२.२
जम्मा	६१००६६८२८	३२३२०४०३०.६६	१००

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा रु.१३ करोड ९४ लाख वजेट विनियोजन भएकोमा वजेटको तुलनामा २५.४९ प्रतिशत मात्र खर्च भएको छ । समग्र खर्चको तुलनामा १०.९९ प्रतितशत खर्च भएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
११.	**कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत-प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ ।पुर्व तयारी वेगर बजेट मात्र विनियोजन गरेको कारण यस्तो भएको देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा कम प्रगति हुनुमा कोरोना महामारी लगायतको कारण उल्लेख गरेको छ ।शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च	खर्च (%)
आकासे पानी पोखरि निर्माण	३००००.०	०	०
गाउँपालिका सिचाइ कार्यक्रम	१८०००००.०	०	०
बृक्षारोपरण कार्यक्रम	४०००००.०	०	०
भवन निर्माण	१००००००.०	०	
बाढी पहिरो तटबन्ध नियन्त्रण कार्यक्रम	१४०००००.०	०	०
सिरान्चोक कोट एतिहासिक स्मारक पार्क	२५०००००.०	०	०
सिराचोक चक्रपथ निर्माण लाङ्दी वेशी उपल्लो गोहोरे श्रीनाथकोट वडा कार्यालय झारगाउँ भंगेरी सिम्लेधार खोला गैरागाउँ नामरुङ्ग पात्ले गाग्रे चित्रेपोखरी	७ ००००.०	०	०
विरौटा भिरसिङ्ग स्तोरउन्नती	१००००००	०	०
वडा कार्यालय भवन निर्माण	३५०००००.	०	०
तल्लो पाम खानेपानी योजना एक घर एक धारा	८०००००.०	०	०
खहरे भर्ले गौथली सडक स्तरोन्नती ग्राभेल तथा नाला निर्माण	२१०००००.०	०	०
पकेट क्षेत्र प्रवद्धन कार्यक्रम फलफुल तथा बेमौसमी तरकारी	१४९६०००.०	०	०

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१२.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३८७२७३९.२४ राजस्व बाँडफाँड र अनुदानबाट रु४४७१६२७८७.३९ समेत रु.४५१०३५५२६.६३ आम्दानी भएकोमा चालु तर्फ रु.२५८५११०००.० र पूँजिगत तर्फ रु.६४६९२०००.० समेत रु.३२३२०३०००.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा खर्च भएको छैन । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.३२ प्रतिशत चालु र ४२.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१३.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारीहरु करारमा राखी रु.३२४५५९१.० खर्च लेखेको छ ।	
१४.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१९२१८७५.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१५.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले पहिरो,आगली, स्वास्थ्य उपचार अदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.५०३१४.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१६.	**विमा नगराएकोः** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा वढीको लागत अनुमान भएको योजनाको निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेटीने गरी विमा गराउनु पर्नेमा गाउँपालिकाबाट भएका निर्माण कार्यको ठेक्का कुनैमा पनि विमा गराएको पाइएन । विमा नगराउँदा जोखिम बढ्ने हुदा विमा गराउन लागत अनुमानमा विमाको व्यवस्था गरी विमा निर्माण व्यवसायीलाई विमा गराउन लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	
१७.	**आन्तरिक आयः** गाउँपालिकाले पालिकाको आन्तरिक आय बढाउनका लागि स्थानीय नियकायमा रहेको प्राकृतिक स्रोत साधन खोलामा रहेका ढुंगा, गिटी र बालुवाको निकासीको सरकारी ऐन, नियममा व्यवस्था भए बमोजिम गर्नु पर्दछ । पालिकाले स्थानिय निकाय भित्र रहेको स्रोत साधनको उपयोगमा ध्यान दिएको नदेखिएन । यस स्थानीय निकायलाई आवश्यक पर्ने स्रोत साधन स्थानिय नदीबाट अवैध रुपमा प्रयोग गरिरहेको पाइयो । पालिका क्षेत्रमा परेका ठूला राष्ट्रीय गौरवका योजनाले क्रसर संचालन गरी योजनालाई आवश्यक गिट्टी, वालुवा उत्पादन गरी प्रयोग गरेको छ । प्रत्येक योजनामा नदिजन्य ढुङ्गा, गिट्टी, वालुवाको खरिद मुल्य, संकलन खर्च साथै ढुवानीको लिड समेत राखी योजनाको लागत अनुमान तयार गरेको हुन्छ । पालिका क्षेत्रमा परेका योजनाले सो स्रोत साधनको प्रयोग प्रदेश सरकारले तोकेको दरमा निर्माण व्यवसायीले पालिकालाई राजश्व बुझाउनु पर्ने भएतापनि त्यस तर्फ पालिकाले पहल गरेको पाइदैन । निर्माण व्यवसायीले निशुल्क सोत साधनको उपभोग तर पालिकाको आन्तरिक आम्दानी नहुने गरेको पाइएकाले यस तर्फ पालिकाले विषेश ध्यान दिनुपर्ने देखिन्छ ।	
१८.	**राजस्वको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । वडाहरूबाट राजस्व प्राप्त गर्न प्रयोग गरिएका रसिदहरू एउटा वडाको मात्र नभई एकै रसिदमा २।३ वडाको आम्दानी प्राप्त भएको पाइयो । कुन वडाबाट कति राजस्व प्राप्त भएको हो भन्न सकिने अवस्था रहेन ।अतः पालिकाले वडा अनुसार छुट्टाछुट्टै रसिद आवश्यकता अनुसार उपलब्ध गराउनु पर्दछ र प्राप्त आम्दानी रुजु गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८क र म.ले.प.फा.नं. २३	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	का नयाँ संशोधित फारममा प्रविष्टि गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । • पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन । यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन ।लेखापरीक्षणको क्रममा नमुना छनौटका रुपमा वडा नं.१,५,८ को राजश्व परीक्षण गर्दा देहायको व्यहोरा देखियो ।	
१८.१.	पालिका अन्तर्गत वडा नं १ को राजश्व परीक्षण गर्दा नगदी रसिद र मालपोत रसिदबाट जम्मा रु.१९८१३८ आम्दानी भएकोमा कुल बैंक दाखिला रु.१९२५९५ मात्र भएको देखिएकाले अपुग रकम गाउँपलिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु.	५५४३
१८.२.	पालिका अन्तर्गत वडा नं. ८ को राजश्व परीक्षण गर्दा नगदी रसिद र मालपोत रसिदबाट जम्मा रु.१९६१४८ आम्दानी भएकोमा कुल बैंक दाखिला रु.१७५४९३ मात्र देखिएकाले अपुग रकम गाउँपलिकाको संचितकोषमा दाखिला गर्नुपर्ने रु.	२०६५५
१८.३.	पालिका अन्तर्गत वडा नं.५ को राजश्व परीक्षण गर्दा नगदी रसिद र मालपोत रसिदबाट जम्मा रु.२९१८८२ आम्दानी भएकोमा कुल बैंक दाखिला रु.२६०१९३ मात्र भएको देखिएकाले अपुग रकम गाउँपलिकाको संचितकोषमा दाखिला गर्नुपर्ने रु.	३१६८९
१९.	**भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । प्रधान मन्त्री रोजगार कार्यक्रम भौ.११६-०७७/३/३० बाट जनार्दन पोखरेल लाई रु.३८५३९.० भुक्तानीमा कर रु.४१२३.० दाखिला नगरेको, भौ. ११८-०७७/३/३० बाट विश्वनाथ पाण्डेलाई कर पछि रु.२७०२९३.० भुक्तानीमा कर रु.३२२६.० कट्टा गरेकोमा दाखिला नभएको साथै भौ. ४२-०७७/२/५ बाट दाखिला गर्न बाँकी कर रु.२६००.० गरी जम्मा रु.९९४९ राजश्व दाखिला गर्नुपर्ने रु.	९९४९
२०.	**पारिश्रमिक कर:** आयकरऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले निम्नानुसारका पदाधिकारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम करकट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.	५३२८८.५

क्र.स.	कर्मचारीको नाम	वार्षिक आय	कुल कट्टी	करयोग्य आय	तिर्नुपर्ने कर	तिरेको कर सा.सु कर समेत	नपुग कर
१.	उत्तम वस्ती	४८३३५०	०	४८३३५०	७८३५	४८३३.५	३००१.५
२.	रामचन्द्र घिमिरे	६८५३३८	११६१३६	५६९२०२	१८३४०	१००७७	८२६३
३.	प्रकाशचन्द्र अधिकारी	७०२३७८	११९०१६	५८३३६२	२११७२	१०२२०	१०९५२
४.	टुकमान श्रेष्ठ	७०१६५८	११९०१६	५८२६४२	२१०२८	१०२०७	१०८२१
५.	ललिता गुरुङ	६५०५३८	१२८३७६	५२२१६२	११७१६	९५९६	२१२०
६.	डा.तारा प्रसाद गिरी	६२०४४०	२४०००	५९६४४०	२३७८८	१०६०६	१३१८२
७.	डा.दिपेन्द्र मगराती	७३७७२६	१७६१८४	५६०५४२	१६६०८	११६५९	४९४९
	जम्मा						५३२८८.५

	ससर्त चालु:	
२१.	**शिर्षक फरकपारी खर्च:** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरे अनुसार खर्च गर्नुपर्दछ । पालिकाहरुलाई संघ सरकारबाट प्राप्त ससर्त बजेट सोही शिर्षकमा खर्च गर्नु पर्ने र बाँकी रहेमा संघमा नै फिर्ता गर्नु पर्ने व्यवस्था छ । भौ.८६-	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	०७७/३/२ विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान शिर्षकबाट रु.१०९९५०.० खर्च लेखेकोमा विल भरपाई मोटरसाइकल मर्मतको पेश भएको पाइयो । नियमको व्यवस्था विपरीत शिर्षक फरक पारी खर्च लेखेको नियम सम्वत देखिएन ।	
	ससर्त पुँजिगतः	
२२.	**दोहोरो मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर र जनश्रमदान कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले अर्कुल दरौदी झोलुङ्गे पुल, साठीमुरै लाङली खोला झोलुङ्गे पुल निर्माण कार्य गैर सरकारी संस्था हिमाली क्षेत्र विकास केन्द्रलाई लागत अनुमानको ६% ले हुने रकमको काम गर्नेगरी सम्झौता भएको छ । लागत अनुमान तयार गर्दा मु.अ.कर जोडी बनाएको अवस्थामा पुन मु.अ.कर जोडी भुक्तानी दीएको पाइएकोले बढी भुक्तानी हुन गएको मु.अ.कर रु.३९०८१.५१ असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.	३९०८१.५१

क.सं	झो.पुको नाम	लागत अनुमान मु.अ.कर सहीत	६% ले हुने रकम	भुक्तानी रकम प्रथम किस्ता
१	अर्कुल दरौली	४९३३८७६.५३	२६२२७५.४१	१८३५९२.७९
२	साठीमुरे लाङदी खोला	३१२३१८५.६७	१६७१९१.७२	११७०३४.२०
			जम्मा	३००६२६.९९
			१३% मु.अ.कर	३९०८१.५१
			कुल जमुमा	३३९७०८.५०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गाउँपालिका पुँजिगतः	
२३.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३१-०७६/१०/१९	खप्टे मोटरबाटो वडा नं. ८	बाटो निर्माण	५६४०००	जे.सी.बी.	५६४०००
	जम्मा				५६४०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२४.	**धरौटी कट्टी नगरेकोः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२३(४) सार्वजनिक निकायले उपनियम १ बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था भएता पनि निम्न योजनाहरुमा सो रकम नकाटी भुक्तानी दिएको पाइयो । रिटेन्सन मनी कट्टा नगरी भुक्तानी दिदा योजनाको मर्मत गर्न जोखिम हुने, निर्माण व्यवसायीले मर्मत नगरीदिने जस्ता जोखिम रहन जाने हुदा पालिकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क.सं	योजनाको नाम	निर्माण व्यवसायी	भुक्तानी रकम	रिटेन्सन मनी
१	वडा नं.८ सडक स्तर उन्नती	वावा कन्ष्ट्रक्सन	२७१९८७८	१२०३४८.५८

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२५.	**उपभोक्ता समितिलाई बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) उपभोक्ता समिती वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीले जनसहभागिताबाट त्यस्तोकामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र विवरण सो निकायमा पेश गर्नु पर्ने छ । पालिकाबाट उपभोक्ता समिति मार्फत गरिएका निम्नुसारका कार्यमा उपभोक्ता समितिको हुनुपर्ने श्रमदान अंश भन्दा कम हुनगई बढी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितीसँग असुल गर्नुपर्ने रु.	६५९६९९.१७

क्र सं.	उपभोक्ता/ काम	लागत अनुमन	श्रम दान अंश %	उ.स.बाट गरेको काम	कट्टा गर्नु पर्ने श्रमदान	हुनुपर्ने भुक्तानी	भएको भुक्तानी	बढी भुक्तानी
१	सिरान्चोक चक्रपथ उपभोक्ता समिती	६७१०८७८.९२	९.९२	३१९०८९३.५१	३१६५३६.६३	२८७४३५६.८७	३५०५९६४	६३१६०६.१८
२	अर्कुल दरौदी भोपु निर्माण उ.स	२२८५०७७.३३	४.३१	१२८९८४५.१९	५५५९२.३२	१२३ २५२	१२३६१६६	१९१४
३	वालज्योती आ.वि सिरान्चोक	२८२७९३.३३	०	२८२७९३.३३	०	२८२७९३.३३	३०००००	१७२०६.६७
४	कटुवास महिला समूह भवन मर्मत वडा नं. ४	२१४०२५.५	१२.५२	२०४६५९.७७	२५६२३.४०	१७९०२७.६८	१८८०००	८९७२.३२
	जम्मा							६५९६९९.१७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२६.	**मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु...	४५३१३.३७

क्र सं	कार्यक्रम	कामको विवरण	उ.स भुक्तानी रकम	उ.स लाई मु.अ.कर भुक्तानी	उ.स लाई हुनु पर्ने मु.अ.कर भुक्तानी	बढी भुक्तानी मु.अ.कर श्रमदान पछि
१	सिरान्चोक चक्रपथ उपभोक्ता समिती	मेसीनको काम	३५०५९६४.०	३७३६६६	३६७१०२	६५६४
२	तार्के डाँडा सखमारी धर्तिपानी झिम्रेक सडक	मेसीनको काम	९६४९०६.४०	१२५४३७	११२७४३.३६	१२६९३.७४
३	सिरान्चोक चक्रपथ अन्तर्गत वडा कार्यालय देखि झारगाउँ खण्ड	मेसीनको काम	१३५८३९३. ३	१७४८०३	१५६२७५	१८५२८
४	हिमालय मा.वि खानेपानी मर्मत योजना	मेसीनको काम	१५७७३९.५८	१७१५०	१५४६८	१६८२
५	नयाँसाघु दलित गुठी बहुउदेश्यीय भवन	सिमेन्टमा	५६४०००.०	१८१३०.	१५८४१.४१	१९१९.६३

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६</td><td>फिनामटार खेलकुद मैदान</td><td>सिमेन्टमा</td><td>९८००००.०</td><td>१७३४७.०८</td><td>१२९३७.१६</td><td>३९२६.०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४५३१३.३७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.</td><td>मूल्य अभिवृद्धि कर कट्टी -मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ग बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.४६६८७.१७ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>४६६८७.१७</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>५० प्रतिशत रकम</th><th></th></tr>
<tr><td>३३२-२०७७/३/२२</td><td>हरमटारी डि एस कन्सट्रक्सन</td><td>३१४६३७</td><td>३६१९७.२०</td><td>१८०९९.०</td><td></td></tr>
<tr><td>३८३-०७७/३/२८</td><td>स्पोर्ट वर्ल्ड कन्स्ट्रक्सन प्रा.लि</td><td>४९६९४४.३४</td><td>५७१७६.३४</td><td>२८५८८.१७</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४६६८७.१७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८.</td><td>उपभोक्ता समितिलाई बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ३(क) मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने रकम छुटयाई सम्झौता गर्नुपर्ने भन्ने व्यवस्था छ । साथै खरीदको कार्य श्रमदानको अंश हुदैन त्यस्तो सामान पालिकाबाट नै प्रतिस्पर्धा विधिमार्फत खरिद गर्नुपर्नेमा रु.१३६२६००। सौर्य सडक वत्ती नयाँ साघु सडक बत्ती जडान उपभोक्ता समिती मार्फत सोझै खरीद गरेको नियम सम्वत देखिएन ।
मिति २०७६ मंसीरमा प्रकाशित वैकल्पिक उर्जा प्रवर्दन केन्द्रको सन्दर्भ मूल्य सम्वन्धी सूचनामा ४० वाट को सडक वत्ती ग वर्गको रु.९८०५३। कायम गरेकोमा Tansportation Rs.2000.0, Eatthork Rs.6000.0 गरी जम्मा लागत अनुमानप्रति सडक बत्तीको रु.१०६०५३। कायम गर्नु पर्नेमा रु.११३५५०.० कायम गरी सोही अनुसार उपभोक्ता समितिले ए.जि पावर सप्लायर्स बाट १२ थान रु.१३६२६००.० मा खरीद गरेको र सोही अनुसार उपभोक्ता समितिलाई रु.१३६२६००। भुक्तानी दिएको छ । उपभोक्ता समितीलाइ बढी भुक्तानी हुन गएको रु.८९९६४.० उपभोक्ता समिती संग असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु.</td><td>`
८९९६४</td></tr>
<tr><td>२८.१.</td><td>भौ.नं. ५-०७६/६/९ बाट फिनामटार खेल मैदान उपभोक्ता समिति वडा नं. ८ मार्फत गरेको काममा कार्यालय अंश रु.२७३००० र जनश्रमदान अंश रु.२८५६९.२८ गरी रु.३०१५६९.२८ लागत अनुमान र सोही बमोजिम सम्झौता रहेको देखिन्छ । उक्त काममा रु.२९०२९७.६० बराबरको कार्यसम्पन्न भएकोमा श्रमदानको अंश कट्टी गरी रु.२६२७९६.१४ भुक्तानी दिनुपर्नेमा रु.२७३००० भुक्तानी दिएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>१०२०३.८५</td></tr>
<tr><td>२८.२.</td><td>भौ.नं. २६-०७६/८/१२ भुलभुले परेवाज खानेपानी उपभोक्ता समिति वडा नं. ७ को काममा गाउँपालिका, यु.एन.डी.पी. अन्तर्गतको श्री पद्धति विकास सेवा केन्द्र गोरखा र उपभोक्ता समितिबीच मिति २०७६/२/१९ मा सम्झौता भएको देखिन्छ । जसमा संस्थाको अंश रु.६६०५०० (४४.३०%), गाउँपालिका अंश रु.६६०५०० (४४.३०%) र श्रमदान अंश रु.१७०००० (११.४०%) गरी कुल रु.१४९१००० बराबरको लागत अनुमान र सम्झौता भएको देखिन्छ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	सो खानेपानी योजनाको कुल कार्यसम्पन्न रकम रु.८४६७७१.२५ रहेकोमा गाउँपालिकाको अंश ४४.३०% ले हुने रु.३७५११९.६६ मात्र भुक्तानी दिनुपर्नेमा गाउँपालिकाबाट रु.६२७४७५ भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	२५२३५५.३४
२८.३.	भौ.नं. १११-०७७/३/२३ साठीमुरे लाङ्दी खोला झोलुङ्गेपुल उपभोक्ता समिति वडा नं. ८ जौबारी देखि वडा नं. ७ श्रीनाथकोट जोड्ने झोलुङ्गेपुल निर्माण कार्य मिति २०७५/१२/०९ सम्झौता अनुसार कुल लागत अनुमान रु.३१२३१८५.६७ भएकोमा गाउँपालिका अंश रु.१८७३९१.१४ (६%), उपभोक्ता समितिको अंश ६२४६३.७१ (२%) र संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम रु.२८७३३३०.८२ (९२%) हुनेगरी भएको देखिन्छ । भौचरको साथमा शुरु विस्तृत लागत अनुमान नरहेकाले त्रिपक्षिय लागत अनुमान पेश गर्नुपर्ने देखिन्छ । सो झोलुङ्गे पुलको काम नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार कुल रु.१९४३१६५.३१ को कार्यसम्पन्न भएको देखिन्छ । जसमा सम्झौता अनुसारको पालिकाले व्यहोर्ने ६% ले हुने रु.११६५८९.९२ भुक्तानी हुनुपर्नेमा गाउँपालिकाबाट रु.१८१८४३ भुक्तानी भएको देखिएकाले बढी भुक्तानी रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	६५२५३.०८
२८.४.	भौ.नं. १३३-०७७/३/२५ बाट ठाडोखोला आरुबोटे सिंचाई वडा नं. ६ को काममा रु.१६२५२३.४० को लागत अनुमानमा कार्यालय अंश रु.१४१००० र उपभोक्ता समितिबाट रु.२१५२३.४० (१३.२४%) हुने गरी तयार गरि सोहि बमोजिम सम्झौता भएकोमा रु.१६२५२३.४० को कार्यसम्पन्न भइ रु.१४१००० कार्यालयबाट भुक्तानी भएको देखिन्छ । यस कार्यमा ५० एम.एम ६ के.जी. पावरको ६०० मिटर, ३२ एम.एम. ६ के.जी पावरको ८०० मिटर र ११० एम.एम ४ के.जी. पावरको एच.डि.पि.इ. पाइप खरिदको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिन्छ । जसमा उपभोक्ता समितिले पेश गरेको सिञ्जल इन्टरप्राइजेजको विजक नं.३०४ बाट ५० एम.एम. ६ के.जी. पावरको ६०० मिटर र ३२ एम.एम. ६ के.जी. पावरको ८०० मिटर मात्र खरिद भएको विल पेश भएको छ। यसरी कार्यसम्पन्न उल्लेख भए बमोजिमको बाँकी ११० एम.एम ४ के.जी. पावरको ३० मिटर पाइप खरिद गरेको विल पेश नभएकाले उक्त पाइप जडान भएकोमा विश्वस्त हुन सकिएन । त्यसैले कार्यसम्पन्नमा बढी उल्लेख भएको ३० मिटरको ४६२.०२ को दरले हुने रकम रु.१३८६०.६० को उपभोक्ता समितिको अंश कट्टी गरी रु.१२०२५ असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	१२०२५
२८.५.	भौ.नं. २०७७/३/१८ बाट थानीमाई मन्दिर निर्माण तल्लो फिनामको काममा रु.२६०३१९.३४ को लागत अनुमानमा कार्यालय अंश रु.२३५००० र श्रमदान अंश रु.२५३१९.३४ रहेको छ । उक्त कार्यमा कार्यसम्पन्न रु.१८२००९.९३ भइ रु.१६२२३९ भुक्तानी भएको देखिन्छ ।लागत अनुमानमा Providing and Fixing wood work प्रति घन फिट रु.५८०९.८६ भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा ६६८१.३४ राखेकाले बढी दर रु.८७१.४८ कायम भएकाले ३.८१ क्यु फिटको रु.३३२०.३४ बढी रकम कायम भएको देखिन्छ । जसमा श्रमदानको अंश कट्टी गर्दा रु.२९९७.२७ कार्यालयबाट बढी भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.	२९९७.२७
२९.	**सिम्ले भंगेरी खानेपानी तथा सरसफाईः** भौ.नं. १३०-०७७/३/२५ बाट सिम्ले भंगेरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा नं.७ को गत वर्षको भुक्तानी भनी अन्तिम बिलबाट रु.१०१९०६२ भुक्तानी दिएकोमा देहायको व्यहोरा देखिन्छः क) गाउँपालिका, श्री स्वाँरा सघन गाउँ विकास केन्द्र र उपभोक्ता समितिबीचको त्रिपक्षिय लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकाले पेश गर्नुपर्ने रु. ख) कुन पक्षले के कति अंश लागत साझेदारी हुने हो सोको विवरण तथा गत विगत वर्षमा के कति भुक्तानी दिएको तथा रिनङ विलको कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने	१०१९०६२

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सो भौचरमा रु.२०९६०० को सामाग्री ढुवानी भरपाई पेश हुन आएकोमा बहाल कर कट्टी गरी वैंक दाखिला भएको भौचर प्रमाण पेश नभएकाले १०% बहालकर कट्टी गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु.	२०९६०
३०.	**विगत वर्षमा सम्पन्न भएका योजनाको भुक्तानीः** पालिकाले यस वर्ष भौ.नं.१३५-०७७/३/२६ बाट आ.व.२०७४/०७५ मा रु ५५०००० र आ.व.२०७५/०७६ मा रु.४५०००० वजेट विनियोजन गरेको भनी यो आ.व.मा ६ वटा योजनाको रु.७०००००० भुक्तानी दिएको देखिन्छ । पालिकाबाट २०७६/३/२८ मा निर्णय गरी सो योजनाहरुको सर्जिन मुचुल्का उठाई अनुगमन गरी कार्यसम्पन्न अनुसार भुक्तानी दिएको देखिन्छ । यसरी जुन वर्षमा कार्यसम्पन्न भएको हो सोही वर्षमा रकम भुक्तानी दिनुपर्नेमा पछिल्लो वर्ष भुक्तानी दिएको नियमसम्मत देखिएन । साथै ६ वटा योजनामध्ये घर्तिगाउँ माझगाउँ वेशी सडकको रु.५२६७९.२४ लागत अनुमान भएको योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	५२६७९.२४
३१.	**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ३७-०७६/११/२० बाट सुरेन्द्र गुरुङ्गलाई सिरानचोक पदमार्ग सरसफाई गरेबापत भनी डोर हाजिरीको आधारमा रु.४५००० भुक्तानी दिएको देखिन्छ । उक्त काम के कति सम्पन्न भएको हो भन्ने प्राविधिक कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	४५०००
३२.	**लागत अनुमान भन्दा बढी भुक्तानीः** भौ.नं. ५४-०७७/२/२९ बाट वडा नं. ३ को वडा कार्यालयको पुरानो भवन मर्मत संम्भार कार्यमा रु.६३३४८.६६ को लागत अनुमान रहेकोमा नापि किताब तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.६६३१६.४२ कार्यसम्पन्न भएकोमा कार्यालयबाट रु.६६३१६ भुक्तानी भएको देखिन्छ । यसरी लागत अनुमान भन्दा बढी भुक्तानी भएको रु.२९६७.३४ असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	२९६७.३४
३३.	**अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका विगत वर्षहरुको जिम्मेवारी सार्दै आएको अधुरा योजनाहरुको रु.४७०६८००.१५ भुक्तानी दिएको देखिन्छ । यस्ता अधुरा योजनाहरुमध्ये त्रिपक्षिय साझेदारीमा निर्माण भएको देखिन्छ भने कतिपय योजनाहरुको लागत अनुमान र सम्झौता रकम विच तालमेल भएको देखिदैन । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।	

क.सं.	योजनाको नाम	सम्झौता मिति	भुक्तानी रकम
१	कटुन्जे पहिरो नियन्त्रण योजना	२०७६/२/२०	३४३९६५.१५
२.	इन्द्रकौरी देवी कृषक आमा समूह चौका वट्टे भवन जोखिम नियन्त्रण आयोजना	आ.व.२०७५/०७६	२८१७१२
३.	सिम्ले भंगेरी खानेपानी तथा सरसफाई उ.स. वडा नं.७ (भौ.९)	आ.व.२०७५/०७६	३९५९८१
४	श्री झोलुङ्गे खहरे बहुउद्देश्यीय सामुदायिक भवन निर्माण उ.स.	२०७६/२/२०	५०००००
५.	थानीथान बासपानी पहिरो नियन्त्रण समिति	२०७६/२/२०	२०१२७४
६.	गृहलक्ष्मी महिला सामुदायिक अधुरो भवन निर्माण उ.स.	आ.व.२०७५/०७६	१४१०००
७.	सिम्ले भंगेरी खानेपानी तथा सरसफाइ उ.स. वडा नं.७ (भौ.१३०)	नखुलेको	१०१९०६२
८.	साठीमुरे लाङ्दीखोला झोलुङ्गे पुल उ.स.	२०७५/१२/९	१८१८४३

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

९.	कुप्रेखोला खानेपानी तथा सरसफाइ आयोजना	२०७६/२/१९	३१४४८८
१०.	भुलभुले परेवाज खानेपानी उ.स.	२०७६/२/१९	६२७४७५
११	नयाँ चौतारा आरुबोटे फिरफिरे खेपुवा सडक (६ वटा योजनाको एकमुष्ट भुक्तानी)	आ.व.२०७४/०७५ र आ.व.२०७५/०७६ को भुक्तानी	७०००००
	जम्मा		४७०६८००.१५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३४.	**औद्योगिक ग्रामः** स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, प्रविधि र सिप परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी बृद्धि गरी त्यस्ता उद्योगको स्थापना विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना सन्चालन तथा व्यवस्थापन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट ४५ वटा औद्योगिक ग्राम घोषणा भए अनुसार उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र सिरानचोक गाउँपालिकावीच २०७६/८/२८ मा सम्झौता भई मन्त्रालयबाट चेक मार्फत पालिकालाई रु.९२०००००.० प्राप्त भएकोमा पालिकाले संचीत कोष खातामा आम्दानी बाँधेको छ । तर सो रकमको हालसम्म कर्य सुरु नभई खातामा नै मौज्दात रहेकाले संघीय सरकारको खातामा फिर्ता गर्नुपर्ने र आगामी बर्ष बजेट ब्यबस्था गरी कार्य सम्पन्न गर्नु पर्ने रु.	९२०००००
	गाउँपालिका चालु	
३५.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२४६९४.६२ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.	२०२३५.६२

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम
११-०७७/३/०५	अनिता एग्रो कन्सर्न बाट धानको विउ खरीद लागत सहभागीता समेत	२००१८७	१.५	५८४०.६२
१५-०७७/३/१४	अनिता एग्रो कन्सर्न बाट मकै विउ खरिद	५०००००	१.५	१३५००
७९-०७७/३/२१	पशु औषधि खरीद अनिता एग्रो कन्सन (ससर्त चालु)	५९६५०.०	१.५	८९५
	जम्मा			२०२३५.६२

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३६.	**बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तलका भौचरहरुबाट हुन गएको बढी भुक्तानी सम्वन्धीतसँग असुल गर्नुपर्दछ ।	
३६.१.	भौ.नं.३८३-०७७/३/२८ बाट स्पोर्ट वर्ल्ड कन्स्ट्रक्सन प्रा.लि. बाट इलाका प्रहरी कार्यालय जौवारी पहिरो नियन्त्रणको कार्यमा रु.४९८३०२.८३ लागत अनुमान भएकोमा कबोल अंक रु.४९६९९४.३४ मा पालिका र निर्माण कम्पनीबीच मिति २०७६/२/२५ मा सम्झौता भएको देखिन्छ । यस काममा भ्याट सहित रु.४९८३०२.८३ को कार्यम्पन्न भएको देखिन्छ । कार्यलयबाट रु.४९८३०२ भुक्तानी भएकाले सम्झौता भन्दा बढी भुक्तानी रु.१३०७.६६ असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	१३०७.६६
३६.२.	भौ.नं. २४८-२०७७/०२/३० बाट वडा नं ६ को गणेश बहादुर अधिकारीको कार्यालय संचालन खर्च रु.११६०४० को पेश्की फर्छ्यौटमा पदाधिकारी बैठक भत्ता रु. ८४००० को भुक्तानिमा जम्मा ११ वटा बैठकको प्रमाण देखिएको तर भत्ता १२ वटा बैठकको भुक्तानी भएको देखिएकोले एक बैठकको बढी भुक्तानी रु.१००० को दरले २८ जनाको सम्बन्धितसँग कर कट्टी पछिको रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.	२३८००
३६.३.	भौ.नं. ३३३-२०७७/३/२२ वडा नं ६ को कार्यालय संचालन सम्बन्धि खर्च भुक्तानी रु.१९४७७६ भएकोमा रु.१७८०७१ को मात्र बिल भरपाई पेश भएकोले बिल भरपाई बेगरको	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बढी भुक्तानी असुल गरी राजश्व दाखिल गर्नुपर्ने रु.	१६७०५
३६.४.	भौ.नं.३५१-२०७७/३/२४ बाट वडा सचिव अजिता राईलाई निजी सवारी साधन मर्मत खर्च रु.१३४७४ भुक्तानी भएकोले निजसँग असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.	१३४७४
३६.५.	भौ.नं. ७८-२०७६/८/१३ बाट लिगलिगकोट-सिरानचोककोट-गोरखा दरबार म्याराथुन दौड -२०७६/५/१५ आयोजित कार्यक्रमको कुल खर्च रु.१३७९७८७ भएको र उक्त खर्च गोरखा नगरपालिका, पालुङटार नगरपालिका र सिरानचोक गाउँपालिकाले बराबर व्यहोर्ने भनिएकोमा गाउपालिकाले भुक्तानी गर्दा कुल बिल भर्पाई रु.६८०६२९ को मात्र पेश भएको देखिन्छ, जसबाट उक्त कार्यक्रमको वास्तविक खर्च रु.१३७९७८७ नै भएको हो भन्ने आधार देखिएन ।त्यस्तै गाउँपलिकाले २०७६/६/१५ मा गाउँकार्यपालिकाबाट कार्यक्रमको लागत खर्च एक स्थानीय तहलाई रु.४५८१२० व्यहोर्ने निर्णय गरी भुक्तानी गरेको देखिएको छ ।तसर्थ उक्त दौड प्रतियोगिताको वास्तविक खर्च किटान हुने प्रमाण पेश गर्नुपर्ने रु.	१३७९७८७
३७.	**दोहोरो सुविधा बुझेकोः** पालिकाका देहायका कर्मचारी तथा पदाधिकारीले एकै मितिमा दोहोरो सुविधा लिएकाले दोहोरो परेको रकम असुल गर्नुपर्ने रु.	६०००

क्र. सं.	विवरण	कर्मचारीको नम	भुक्तानी रकम कर पछी	दोहोरो भुक्तानी असुल
१	२०७६/८/११-०७६/८/१६ सम्मको दैनिक भ्रमणभत्ता रु.९९००।०० भुक्तानी भएकोमा मिति २०७६/०८/११ मा नै करार सेवा छनौट समितिको २ वटा बैठकको रु. ३००० भुक्तानी भएको देखिन्छ। तसर्थ दोहोरो भुक्तानी लिएकोले	भेष बहादुर कुँवर	१२९००	३०००
	२०७६/७/२६ देखि मिति २०७६/८/२ सम्म दैनिक भ्रमण भत्ता भुक्तानी रु.११५००।०० लिएको अवस्थामा सोहि मितिमा बैठक भत्ता कर पछी रु.१५०० समेत भुक्तानी लिएकोले		१३०००	१५००
२	२०७६/६/२७-२०७६/६/३०सम्मको दैनिक भ्रमण भत्ता रु. ४३००।०० भुक्तानी भएकोमा मिति २०७६/६/२९ मा बैठक भत्ता रु.१५०० समेत भुक्तानी लिएकोले	पुरन बहादुर वली	५८००	१५००
	जम्मा			६०००.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३८.	**सोझै खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.	१६३८४८१

भौ. नं.	**भुक्तानी पाउने**	**खरिद विवरण**	**भुक्तानी रकम**
३५-०७६/७/६	उज्वल स्टेसनरी एण्ड सप्लायर्स गोरखा	कार्यालय सामग्री	९७१९१
१२८-०७६/१०/२१	शुभकामना सप्लायर्स, तनहुँ	कार्यालय सामाग्री	२६९०४७
१८५-०७७/२/४	देवकोटा छापाखाना तथा व्याग प्रिन्ट , डुम्रे ।	कार्यालय सामग्री	१५१२२२
४५-०७७/२/१३	गोरखा इन्फोसिस	कम्प्युटर डेस्कटप खरिद	४८००००
३८-०७६/११/२१	पवित्र फर्निचर सप्लायर्स	फर्निचर खरिद	४९९७९९

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३०-०७६/१०/१७	इन्फोटेक कलेज अफ हार्डवेयर इन्जिनियरिङ्ग प्रा.लि.	कम्प्युटर तथा प्रिन्टर सामाग्री खरिद	५९८००
	ग्लोबल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सेन्टर		८१४२२
	जम्मा		१६३८४८१.०

३९. **अनुत्पादक तथा वितरणमुखी खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् ।

सि.नं.	भुक्तानी पाउने संस्था तथा व्यक्तीको नाम	प्रयोजन	रकम
१	महिला समन्वय समिति, वडा नं ४	तिज गीत प्रतियोगिता	५००००.०
२	सिर्जनशील महिला बचत तथा ऋण सहकारी संस्था वडा नं २	तिज गीत प्रतियोगिता	३००००.०
३	सगरमाथा बचत तथा सहकारी संस्था वडा नं.६	तिज गीत प्रतियोगिता	१०००००.०
४	नेपाल मगर संघ प्रारम्भिक कमिटी	मगर ल्होसार कार्यक्रम	३००००.०
५	प्रगतिशील युथ क्लब	सांस्कृति मेला तथा कृषि प्रर्दशनी मेला आयोजना	५००००.०
६	अब्जु सल स्टोर काठमाडौ	नेवारी कपडा खरीद	४००००.०
७	सु-चन्द्र युवा क्लब	खुला फुटबल प्रतियोगिता	४००००.०
८	ज्ञानेन्द्र प्रसाद पोखरेल	राष्ट्रपति खेलकुद कार्यक्रममा सहभागी	२४४६००.०
	जम्मा		५८४६००.०

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

४०. **पि एस आइटम विल वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार विल भरपाई लगायत आवश्यक प्रमाणको आधारमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले शहिद भिमसेन स्मृति प्रतिष्ठान पुस्तकालय भवन तथा पूर्वाधार निर्माण कार्यको लागि कुल रु.२४६०००० विनियोजन भएकोमा फर्निचर निर्माण कार्य पि.एस आइटममा रु.७००००० व्यवस्था गरी लागत अनुमान बनाएकोमा कार्य सम्पन्न निर्माण विल सोही अनुसार पेश गरेपनि सो आइटमको विल समावेश गरेको नपाइएकाले सो आइटमको विल भरपाई प्रमाण साथै दाखिला प्रमाण समेत पेश गर्नुपर्ने रु. — ७०००००

शिक्षा विकास निर्देशनालयः

४१. **एम् वि भन्दा बढी भुक्तानीः** सार्वाजनिक खरीद नियमावली, २०६४ को नियम १२३(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । श्री वालज्योती मा.वि. सिरानचोकलाई शिक्षा विकास निर्देशनालयबाट घेराबार निर्माण र मर्मतको लागि रकम रु.३००००० विनियोजन भएकोमा रु.२८२७९३.३ भुक्तानीमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

निर्माण कार्यमा नापि किताबमा देखाएको परिमाण र कार्य सम्पन्नमा देखाएको परीमाण फरक परी बढी भुक्तानी हुन गएको रु.६९३५४.६७ सम्वन्धितसँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. — ६९३५४.६७

क.सं	विवरण	कार्य सम्पन्नको क्वान्टीटी	नापि किताबको क्वान्टीटी	फरक क्वान्टीटी	दर	बढी भुक्तानी

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१	For Gat Chanel	४२६.५२	९४.३०	३३२.२२	१६५.५२	५४९८९.०५
२	For brick masonary wal, for get excavation works	०.२०	०		४७५.८६	९५.१७
	Solling works	०.०८	०		३४११.०	२५५.८३
	PCC works 1:3:6	०.३५	०		१२८७७.७६	४५०७.२२
	Brick masonary works for get 1:6	०.६१	०		१३४०४.५६	८२१०.२९
	Plaster works 1:4	२.८	०		४६३.२५	१२९७.११
	Total					६९३५४.६७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सामाजिक सुरक्षा तर्फः	
४२.	**सामाजिक सुरक्षा भत्ता नगदै वितरणः** सामाजिक सुरक्षा नियमावली, २०७६ को १०(३) मा ऐनको दफा १७ को उपदफा ३ बमोजिमको क्षेत्रमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालिबाट मात्र वितरण गर्नु पर्ने व्यवस्था भएता पनि गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेको पाइयो । अतः नियमावलीको व्यवस्था पालना गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।	
४३.	आर्थिक वर्ष २०७६/०७६ को बजेट वक्तव्यको नं.२३८ मा सरकारी निकायबाट नागरिकलाई प्रदान गरिने आर्थिक सुविधा लगायत सबै प्रकारको भुक्तानी बैंक खातामार्फत हुने व्यवस्था गरिएको र श्री अर्थ मन्त्रालयको प.सं. २०७४/०७५ मार्गदर्शन च.नं.१०९६ मिति २०७४/०२/१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो बापतको रकम जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएकोमा त्यस कार्यालयबाट प्रथम चौमासिकमा ग्लोबल आइएमई बैकलाई सामाजिक सुरक्षा वितरणको लागि बैंक खाता खोलेका व्यक्तिको नाममा रकम जम्मा गर्न ३ पटक गरी रु.२३४५२४०० लाई पेश्की स्वरुप दिनु पर्नेमा सिधै खर्च लेखी खातामा जम्मा गर्न पठाएको पाइयो । उक्त रकम के कति वितरण र बाँकी रहेको स्पष्ट हुने गरी बैंकले प्रतिवेदन पेश नगरेकाले वास्तविक खर्च एकिन गर्न नसकिएको दोश्रो र तेस्रो चौमासिकमा वडा सचिवलाई पेश्की दिइ वितरण गरेको पाइयो ।यसरी दोहोरो तरिकाले वितरण गर्ने कार्य व्यवस्थित नदेखिएकाले सरकारको परिपत्र अनुसार सामाजिक सुरक्षालाई व्यवस्थित रुपमा बैंक मार्फत वितरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । साथै ग्लोबल बैंक सिरानचोकले होल्ड र पार्किङमा राखेको रकम रु.३२८४०० कार्यालयको खातामा ल्याई पुन पेश्की दिनुपर्नेमा सिधै वडा सचिवलाई बैंकबाट नै पेश्की दिनु नियम सम्मत नदेखिएको रु.	३२८४००
४४.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने, जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष निम्नानुसारका वडा बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी भएको रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.	१९९००

क.सं.	चौमासिक वडा कार्यालय	लेखेको खर्च	लेखु पर्ने खर्च	बढी भुक्तानी

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>वडा नं. २ र ३ को तेस्रो चौमासीक समाजिक सुरक्षा भत्ता</td><td>११३७०४००</td><td>११३५८६००</td><td>५९००</td></tr>
<tr><td>२</td><td>वडा नं.७ तेस्रो चौमासीक</td><td>५२४१०००</td><td>५२३९०००</td><td>२०००</td></tr>
<tr><td>३</td><td colspan="3">वडा नं. ३ को तेस्रो चौमासीकको सामाजिक सुरक्षा भत्ता पेश्की प्रदान गरी नगदै वितरण गरेको पाइयो । नगदै वितरण गर्दा कुमारी ढकालको खातामा दोस्रो चौमासीकको बाँकी सामाजिक सुरक्षा भत्ता समेत भनि हातले रु.१२०००। थपी रु.२४०००। खर्च लेखेको पाइयो । वडा सचिवले बैकमा जम्मा गरेको भौचर रु.१२०००। को मात्र पेश गरेकोले बैक खातामा जम्मा गरेको भन्दा बढी रु.१२०००। पेश्की लिइ फर्छ्यौट गरेको पाइएकाले बढी खर्च लेखेको रकम बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.</td><td>१२०००</td></tr>
<tr><td></td><td colspan="3">कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भरपाईमा जन्म मिति, नागरिकता नं. लगायत व्यक्तिगत विवरण र रकम समेत सच्चाई रकम भुक्तानी दिएको पाइयो । जसले सामाजिक सुरक्षा पाउने व्यक्तिले के कति पाउने हो सोको वास्तविक एकिन गर्न नसकिएको । हाल उपलब्ध सूचना प्रविधि (MIS) को पूर्ण उपयोग गरी लगत अद्यावधिक गरेर सिस्टमबाट आएको भरपाई बाट मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td colspan="3">जम्मा असुल गर्नुपर्ने रु</td><td>१९९००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, पहिरो नियन्त्रण, ग्याविन जाली लगाउने, पदमार्ग निर्माण निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०२ जनालाई रोजगारी उपलव्ध गराई रु.१५५९४४९.० खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि १७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४६.</td><td>श्रमीकको ज्याला नगदै भुक्तानीः कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को नियम २१(१) स्थानीय तहले श्रमिकको ज्याला सम्वन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमीकको बैक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था भएता पनि पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमीकलाई पारीश्रमिक वडा सचिवहरुलाई पेश्की दिई नगदै वितरण गरेको पाइयो । नियमको व्यवस्था विपरीत पेश्की मार्फत नगदै पारिश्रमीक वितरण नगरी बैक खातामा मार्फत वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>४७.</td><td>विद्यालयगत निकासा खाताः कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>दरबन्दी मिलानः शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउँपालिका कार्यालयसँग जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि., नि.मा.वि., मा.बि. मा राहात समेत गरी जम्मा ३२० जना दरवन्दी मौज्दात देखिएता पनि गाउँपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन ।	
४९.	**पाठ्य पुस्तक वितरणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।गाउँपालिका अन्तरगत रहेका विद्यालयका छात्र छात्राहरुलाई छात्रबृत्ति वितरण गर्दा भरपाई भन्दा बढी विद्यालयलाई निकासा दिएको पाइएकाले बढी निकासा रकम सम्वन्धीत विद्यालयबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.	२६४११

क.सं	विद्यालयको नाम	निकासा रकम	भरपाइ पेश	बढी भुक्तानी
१	चित्रे पोखरी मा.वि	१०३३९९	७६९८८.०	२६४११.०
	जम्मा			२६४११.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५०.	**बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ भन्ने व्यवस्था भएता पनि मण्डली मा.वि.को दोस्रो चौमासिक माग रु.३४८४३२५ भएकोमा निकासा रु. ३४८६८५६ भएकोले बढी निकासा सम्बन्धित विद्यालयबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.	२५३१
५१.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२२९५६४४.० ससर्त र गाउँपालिका तर्फको बजेट बाट सोझै खरिद गरेको छ । अतः नियमको पालना तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	
	कोभिड-१९ तर्फः	
५२.	आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
प्रदेश सञ्चित कोषवाट	१५००००	राहात वितरण, उद्दार तथा पुन स्थापना	१५४५७३
स्थानिय तहको आफ्नै वजेटवाट	३००००००	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	६३६०३२
संघीय सञ्चीत कोषबाट	०	आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन	९३८४२
स्थानिय पुर्वाधार विकास कार्यक्रमबाट	०	सामाग्री खरीद	२३१६८३
अन्य स्रोतवाट	४७४१६७	औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	१६३३५४
		अन्य शिर्षकमा भएको खर्च	२९३११९
		वाँकी	२०५१५६४
जम्मा	३६२४१६७	जम्मा	३६२४१६७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५३.	**बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ ।निम्नानुसारका भौचरबाट भरपाई भन्दा बढी भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु.	९९००

क.सं	भौ.मिति	विवरण	असुल गर्नु पर्ने
१	४-०७७/२/८	मिति ०७७/१/१७,१८,२०,२१ यातायात भनी भुक्तानी लिएको २१ गते एकै दिनमा ग १ त गाडी नं. ले २ पटक रु.५५००. का दरले रु.११०००। भुक्तानि लिएकोले बढी भुक्तानी कर पछि रु.४९५०.० असुल गर्नु पर्ने रु.	४९५०.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२	११-०७७/२/२३	कोरोनाको समयमा यातायात भुक्तानी १४ दिनको रु.५५००.० का दरले रु.७७०००. भुक्तानीमा १३ दिनको मात्र प्रमाण भएकोले १ दनको कर पछी रु.४९५० माधव पोखेल सँग असुल गर्नु पर्ने रु.	४९५०.०
	जम्मा		९९००.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५४.	**आन्तरीक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ (६) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था भएकोमा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको देहायको वेरुजु हाल सम्म फछ्र्यौट नभएकोले फछ्र्यौट हुनु पर्ने रु.	९०९३८३

भौ.नं.	विवरण	विल रकम
२७-२०७६/०९/१६	**बढी भुक्तानीः** सिरानचोक चक्रपथ उपभोक्ता समिति कार्यसम्पन्न प्रतिवेदन बमोजिम खुद भएको काम रु. ५८०८०९०.१५ मा जनश्रमदान बाहेक रु. ५१६८०३८.६१ भुक्तानी हुनुपर्नेमा पहिलो रनिङ बिल मार्फत रु. २३५७७४४ र अन्तिम बिल मार्फत रु.३५०५९६४ गरी जम्मा रु. ५८६३७०८ भुक्तानी भएको देखिएको हुँदा बढी भुक्तानी भएको रकम रु. ६९५६७० उक्त उपभोक्ता समिति बाट असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु.	६९५६७०
२६१-२०७७/०३/०८	तिलक बहादुर श्रेष्ठ लाई कार्यालयको पानी धाराको काम गरे वापतको रकम भुक्तानी भएकोमा सो रकम बराबरको विल भर्पाई पेश नभएकाले विल भर्पाई पेश गर्नुपर्ने रु.	१३०००
	शसर्त अनुदान तर्फः	
१०-२०७६/०८/०३	प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई नवशिशु कार्यक्रम अन्तर्गत सुत्केरी गराए वापतको रकम रु.९९६०० भुक्तानी भएकोमा सो बमोजिम विल भर्पाई नभएको	९९६००
६७-२०७७/०३/१६	कार्यपालिकाको निर्णय अनुसार १५०००० को शैक्षिक सामाग्री खररिद गर्ने निर्णय भएकोमा रु. १५१११३ बराबरको सामाग्री खरिद भएकोले विनियोजित बजेट भन्दा बढी खरिद भएको रु.	१११३
६८-२०७७/०३/१६	सार्वजनिक खरिद नियमावलीको नियमा ८५(४) बमोजिम एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार नभएको रु.	१०००००
	जम्मा	९०९३८३

सिरानचोक गाउँपालिकाको सञ्चित कोष विवरण

२०७६।७७

अनुसूची– १

(रु.हजारमा)

क.स.	प्रदेश	स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम (६+१०)	बेरुजू रकम	आय						व्याय				मौज्दात बाँकी
						गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१०(७+८+९)	११(१+६-१०)
१	गण्डकी	सिरानचोक गाउँपालिका	गोरखा	७९४३४१	१६८५१	११८१३९	४०२८३७	५३६०७	३८७३	५७२०	४६६०३७	२५८५११	६४६९२	५१०१	३२८३०४	२५५८७२

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

क.स.	प्रदेश	स्थानीय तह	जिल्ला	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
				दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		नियमित गर्नुपर्ने					पेश्की		
				सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैदान्तिक	लगति		असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	गण्डकी	सिरानचोक गाउँपालिका	गोरखा	२९	३१	३७५१७	०	६	२०६६६	२५	३१	१६८५१	२२२७	२०६८	१२५५६	०	०	१४६२४	०	०	०

अनुसूची– ३

अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

क्र स	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको वाँकी	यस वर्षको फर्छ्यौट	वाँकी	यो वर्षको सं प. वाट कायम भएको वेरुजु	यो वर्षको वेरुजु	कुल वाँकी वेरुजु
१	सिरानचोक गाउँपालिका	गोरखा	२९३७६	९०३०	२०३४६		१६८५१	३७१९७